(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८१ साल चैत्र ८ गते शुक्रवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

*मिति २०८१।१२।०८*

**मिति २०८१/१२/०८ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. सर्पदंश नवलपुरको सहयोग रकम भुक्तानी सम्वन्धमा ।
३. आर्थिक सहयोग सम्वन्धमा ।
४. १५ शैया अस्पतालको ठेक्काको म्याद थप सम्वन्धमा ।
५. हरिपुर नगरपालिकामा कार्यरत खोप कार्यक्रमहरुका सेवा सुविधा सम्वन्धी मापदण्ड, २०८१ सम्वन्धी ।
६. वडा नं. १ मा पोल ब्यवस्थापन सम्वन्धमा ।
७. महावीर जनता क्याम्पसमा ब्लक ब्यवस्थापन कार्यमा अपुग रकम सम्वन्धमा ।
८. वडा नं. २ को वर्णेश्वर मन्दिर ट्रस्ट निर्माण सम्वन्धमा ।
९. झिम र लखनदेही खोलामा सवारी साधन (हेभी ईक्यूपमेन्ट) अनुमति दिने सम्वन्धमा ।
१०. हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड सम्वन्धमा ।
११. हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड ऐन, नियमावली संशोधन सम्वन्धमा ।
१२. विद्यालयमा भवन निर्माणको लागि विकास साझेदारसंग सहकार्य गर्ने सम्बन्धमा ।
१३. जग्गादातालाई सम्मान तथा धन्यवादज्ञापन सम्वन्धमा ।
१४. हरिपुर नगरपालिकाको अगामी आ.व. २०८२।०८३ को आय प्रक्षेपण सम्वन्धमा ।
१५. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको १३ औं नगरसभाको चालुगत खर्चको पेज नं. ४८ को सि.नं. १३३ मा सर्पदंश नवलपुरलाई सहयोग खर्च शिर्षक नं. २७२१९ मा रकम रु. १०००००।०० विनियोजन भएको रकम हरिपुर नगरपालिकाको अनुदान वितरण सम्बन्धी मापदण्ड २०८० कार्यविधि प्राथमिकताको क्षेत्रहरु नियम १ को उपनियम ३, नियम ३ को उप नियम (क), (ख), (ग) र नियम ४ को उपनियम २ वमोजिम नवलपुर सर्पदंश उपचार केन्द्र, लालबन्दी न.पा.-१, सर्लाहीले यस नगरपालिका तथा छिमेकी पालिकाको सम्पुर्ण नागरिकहरुलाई गर्मीयाममा या कुनै समयपनि सर्पले डसेका ब्यक्तिहरुलाई हरेक समय सेवा सुविधा अपनाउँदै आएको र सहज ब्यवस्था गरेको हुनाले संस्थाको खर्चको निर्णय, फोटो तथा कर चुक्ताको प्रतिलिपी, लेखा परिक्षकको प्रतिवेदन र

मिति २०८१।१२।०८

नवलपुर सर्पदंश उपचार केन्द्र, लालबन्दी न.पा.-१, सर्लाहीको पत्र संख्या २०८१/०८२ च.नं. २११ मिति २०८१/१२/०३ गतेको पत्र अनुसार अनुदान रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको पत्र मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | रिता कुमारी (भगवान लाल साह) | ८ | हरिपुर | क्रिया खर्च | २०८१।११।२७ | २०८१।११।२६ गते च.नं. ६२२ | ६०००।०० |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. ३ मा निर्मित १५ शैयाको नगर अस्पतालको ठेक्का शर्मा-धुलिखेल जे.भी. बानेश्वर-१०, काठमाण्डौसँग सम्झौता भई सो अस्पतालको निर्माण कार्य भएकोमा उक्त ठेक्काको म्याद समाप्त हुने भएको हुँदा यस नगरपालिका कार्यालयले आ.व. २०८१।०८२, च.नं. १४६६, मिति २०८१।१२।०५ गते कागजात पेश गर्न पत्राचार गरेकोमा उक्त शर्मा-धुलिखेल जे.भी. बानेश्वर-१०, काठमाण्डौले आ.व. २०८१।०८२, मिति २०८१।१०।०६ गते कागजात पेश गरेको पत्र सहित म्याद थप गरिदिनु हुन आवश्यक कागजात सहित प्राप्त पत्रानुसार उक्त शर्मा-धुलिखेल जे.भी. बानेश्वर-१०, काठमाण्डौलाई १५ शैया अस्पतालको केहि निर्माण कार्य बाँकी रहेको र विभिन्न अवरोधको कारणले समयमा निर्माण सम्पन्न नभएकोले अन्तिम पटक मिति २०८२ असोज ९ गते सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा हरिपुर नगरपालिकामा कार्यरत खोप कार्यक्रमहरुका सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

मिति २०८१।१२।०८

प्रस्ताव नं. ६ माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं. १ मा सडकमा भएका अव्यवस्थित विजुलीका पोल र तारहरुलाई व्यवस्थित गर्न यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५२ को सि.नं. ७० मा मर्मत सम्भार कोषको खर्च शिर्षक नं. ३११७१ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. १,००,०००।०० विनियोजन गरी उक्त वडाको पोल तथा तार व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हरिपुर नगरपालिका अन्तर्गत महावीर जनता क्याम्पसमा ब्लक व्यवस्थापन कार्यमा यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५० को सि.नं. २१ मा महावीर जनता क्याम्पस भुईमा ब्लक व्यवस्थापन कार्यमा खर्च शिर्षक नं. ३११५१ मा रकम रु. ५,००,०००।०० विनियोजन भएकोबाट महावीर जनता क्याम्पस भुईमा ब्लक व्यवस्थापन र बिछ्याउने कार्य भएकोमा र उक्त कार्यमा १२ मिटर बाटोमा ब्लक अपुग भई अधुरो हुने भएकोले महावीर जनता बहुमुखी क्याम्पस हरिपुर न.पा.-२, सर्लाहीको प.सं. २०८१।०८२, च.नं. ६७ मिति २०८१।११।२६ गतेको अधुरो योजना सम्पन्न गर्न बजेट थप गरिदिने प्राप्त पत्रानुसार उक्त कार्य गर्न रकम नपुग भएको हुँदा यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५२ को सि.नं. ७० मा मर्मत सम्भार कोषको खर्च शिर्षक नं. ३११७१ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. १,००,०००।०० विनियोजन गरी उक्त ब्लक व्यवस्थापन कार्य गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. २ मा वर्णेश्वर मन्दिरमा ट्रष्ट निर्माण कार्यका लागि १३ औं नगरसभाको हरिपुर नगरपालिका वडा नं. २ को पुँजिगत खर्चको पेज नं. ६५ को सि.नं. ५ मा खर्च शिर्षक नं. ३११५९ मा वर्णेश्वर मन्दिरमा ट्रष्ट निर्माण कार्यमा रकम रु. ३,००,०००।०० विनियोजन भएको र यस नगरपालिकाको १४ औं नगरसभाको खर्च शिर्षक नं. ३११५९ मा वर्णेश्वर मन्दिरमा ट्रष्ट निर्माण कार्य हरिपुर-२ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकम गरी जम्मा रकम रु. ८,००,०००।०० बाट उक्त वर्णेश्वर मन्दिरमा ट्रष्ट निर्माण तथा अन्य कार्यहरु गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा हरिपुर नगरपालिका क्षेत्र भित्र रहेको झिम खोला र लखनदेही खोलाको ठेक्का साकार गर्ने कम्पनीले खोलाबाट बालुवा, ग्राभेल विक्रि तथा ढुवानी गर्नका निम्ती मिति २०८१।११।०१ गते सवारी साधन (हेभी ईक्यूपमेन्ट) अनुमतिको माग निवेदन पेश गरेको र सो कार्यको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पत्राचार गर्दा स्वीकृत प्रारम्भीक वातावरणीय प्रशिक्षण प्रतिवेदनले तोकेको स्थान तथा क्षेत्रहरुबाट ढुंगा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७६ को दफा ३ र दफा ४ मा उल्लेखित व्यवस्थाहरुको पालना गरी व्यवस्थापन मिलाउन भनिएकोले प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनको दफा २.३.५ अनुसार

मिति २०८१।१२।०८

माग भएका देहायका सवारी साधन (हेभी ईक्यूपमेन्ट) को उत्खनन् तथा बिक्रिको लागि अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | खोला | ठेक्का साकार भएको फर्मको नाम | सवारी साधन (हेभी ईक्यूपमेन्ट) को नाम | सवारी साधन (हेभी ईक्यूपमेन्ट) को नम्वर |
|---|---|---|---|---|
| १ | झिम खोला | उँ निर्माण सेवा चन्द्रनगर-२, सर्लाही | टिपर<br>भ्याकोलोडर | ना. २ क. ५०१<br>प्र. ३०१-००३ क ५०२० |
| २ | लखनदेही खोला | न्यू जय हनुमान जेनेरल अर्डर सप्लायर्स, जनकपुर-१४, धनुषा | टिपर<br>एक्साभेडर | प्र. २-०२००१ ख २८४८<br>ना. १ क. ८१८२ |

प्रस्ताव नं. १० माथि छलफल गर्दा हरिपुर नगरपालिका अन्तर्गत अक्सफाम/बागमती सेवा समाज नेपाल तथा हरिपुर नगरपालिकाको संयुक्त सहयोग तथा सहकार्यमा, यस हरिपुर नगरपालिकाद्वारा आफ्ना जनताहरुको लागि सुरक्षित खानेपानी आपूर्तिको दिगो व्यवस्थापन गर्न गठन गरिएको हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सञ्चालनको लागि अक्सफामको आर्थिक सहयोग प्राप्त भइ रहेकोमा विविध कारणवश यहि अप्रिल २०२५ देखि आर्थिक सहयोगमा कटौति हुने वाध्यात्मक परिस्थिती आइपरेको अक्सफामवाट जानकारी हुन आएकोले, खानेपानी बोर्डले गर्ने गतिविधिहरु हरिपुर न.पा. कै एक अनिवार्य सेवा क्षेत्र भएको, तथा नगरपालिकाके खानेपानी ऐन अनुसार गठन भई सक्रिय भइरहेकोले यसको महत्व र न.पा. को कर्तव्यलाई मध्य नजर गर्दै, यस बोर्डलाई पुर्ण रुपमा संरक्षण गर्ने तथा आगामी दिनमा निर्वाध सञ्चालनको प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, नियमावली देहायका बुँदाहरुमा संशोधन गर्ने निर्णय गरियो ।

<u>हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९ मा</u>

१. हरिपुर खानेपानी बोर्डको प्रमुख संरक्षकको रुपमा नगरप्रमुख र नगर उपप्रमुख रहने ।

२. परिच्छेद ४ को दफा १५ (२) व्यवस्थापकको पदावधि ५ वर्ष तोकिएकोमा यसलाई तोकिए बमोजिम अथवा करार बमोजिम हुने बनाउने ।

<u>खानेपानी महशुल निर्धारण प्रस्ताव</u>

१. धारा काट्न तथा पुनः धारा जडान गर्न निवेदन दिएमा रु. ५००/५०० र वडाबाट सिफारिस आवश्यक

२. घरधुरी धारा जडान गर्दा जडान गर्न बढिमा १५ मिटर मात्र पाइप उपलब्ध गराउने ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं ७ मा रहेको श्री श्रवण जनता आधारभूत विद्यालयमा विदयार्थी संख्याको अनुपातमा कक्षाकोठा ( पक्की भवन) को अभाव रहेको र चालु

मिति २०८१।१२।०८

आ वि २०८१।८२ मा उक्त विद्यालयमा भवन निर्माणको लागि यस नगरपालिका तथा प्रदेश र संघीय सरकार लगायत कुनैपनि निकायबाट बजेट बिनियोजन नभकोले विद्यालयको च नं ६१ मिति २०८१।१२।६ को पत्रबाट विकास साझेदारको सहयोगमा भवन निर्माणको लागि प्रस्तावना पेश गर्ने प्रयोजनको लागि सिफारिश माग भई आएको हुँदा प्रचलित कानून बमोजिम नेपालमा विकासका कार्य गर्न योग्य विकास साझेदारसंगको समन्वय र सहकार्यमा भवन निर्माणको लागि प्रस्तावना पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको वडा नं. ६ मा बस्ने नरसिंग श्रेष्ठको नाती नरेन्द्र राजको छोरा श्री प्रेमहरि श्रेष्ठको नाममा दर्ता रहेको सर्लाही लक्ष्मीपुर (को.) वडा नं. ४ (क) किता नं. ३८६ को ०-७-२ जग्गा क्षेत्रफल यस नगरपालिका वडा नं. ६ मा रहेको श्री सार्वजनिक माध्यमिक विद्यालयको लागि निशुल्क उपलब्ध गराएको तथा विद्यालयको नाममा नामसारी गरिदिनु भएकोमा श्री प्रेमहरि श्रेष्ठ ज्यूलाई यस नगर कार्यपालिकाको कार्यालय र नगरपालिकाले सम्मान तथा धन्यवादज्ञापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको अगामी आर्थिक वर्ष २०८२।०८३ का लागि नगरपालिकाका लागि आवश्यक पर्ने आयको प्रक्षेपण गरी तथ्याँक सहितको विवरण अर्थ मन्त्रालयमा पठाउनु पर्ने ब्यवस्था भए बमोजिम यस नगरपालिकाको राजश्व परामर्श समिति र बजेट तथा स्रोत अनुमान समितिको सिफारिस बमोजिम स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुसूची १ बमोजिमको ढाँचामा सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।

आय प्रक्षेपण

अनुसूची-१

| सि.नं. | आम्दानीका क्षेत्रहरु | गत आ.व. को यथार्त | चालु आ.व. को संशोधित अनुमान | अगामी आ.व. २०८२।०८३ को अनुमान बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | ८३६११०५।०७ | ११७६५०००।०० | १२,०००,०००।०० | |
| १ | बैंक मौज्दात | १५४०७८१८६।५९ | १४२२०१७३११ | १२०,०००,०००।०० | |
| | कुल आन्तरिक आय | १६२४३९२९१।६६ | १५३९६६७३१.१० | १३२००००००.०० | |
| २ | राजश्व बाँडफाड | | | | |
| १ | राजश्व बाँडफाड संघ | ८३९५११७४।७६ | १०५२००००००।०० | १११००००००।०० | |
| १.१ | बाँडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ८३४८८२१५।९८ | ७६६५४९६१।०० | ८०,०००,०००।०० | |
| १.२ | बाँडफाड भई प्राप्त हुने अन्तः शुल्क | | २७८४५०३९।०० | ३०,०००,०००।०० | |

मिति २०८१।१२।०८

| | | | | | |
|---|---|---|---|---|---|
| १.३ | बाँडफाड भई प्राप्त हुने वन रोयल्टी | ४६२९५८।७८ | ७०००००।०० | १,०००,०००।०० | |
| २ | राजश्व बाँडफाड प्रदेश | १७९३७०३२।०० | १५००००००।०० | २००००००।०० | |
| २.१ | बाँडफाड भई प्राप्त हुने सवारी साधन कर | १७९३७०३२।०० | १५००००००।०० | २०,०००,०००।०० | |
| ३ | राजश्व बाँडफाड स्थानीय | ० | ० | ० | |
| ३.१ | बाँडफाड भई प्राप्त दहत्तर वहत्तरको विक्रिवाट प्राप्त हुने आय | ० | ० | ( | |
| ३.२ | घर जग्गा रजिष्ट्रेश्न दस्तुर | ० | ० | ( | |
| | कुल राजश्व बाँडफाड | १०१८८८२०६।८ | १२०,२००,०००।०० | १३१,०००,०००।०० | |
| ४ | वित्तिय हस्तान्तरण | ३१४७०४०८४।०० | ४८४३९१०००।०० | ५३६५०००००।०० | |
| ४.१ | नेपाल सरकारवाट प्राप्त हुने अनुदान | ३०३५५८६६०।३ | ४६१,४६३,०००।०० | ५१०,०००,०००।०० | |
| ४.१.१ | वित्तिय समानिकरण अनुदान | १०६७६४०००।०० | ११६९०००००।०० | १२०,०००,०००।०० | |
| ४.१.२ | सशर्त अनुदान | १९०७०९७५४।४ | ३११५६३०००।०० | ३५०,०००,०००।०० | |
| ४.१.३ | समपुरक अनुदान | ० | १३००००००।०० | १५,०००,०००।०० | |
| ४.१.४ | विशेष अनुदान | ६०८४९०५।९१ | २००००००० ।०० | २५,०००,०००।०० | |
| ४.२ | प्रदेश सरकारवाट प्राप्त हुने अनुदान | १११४५४२३।६६ | २२,९२८,०००।०० | २६,५००,०००।०० | |
| ४.२.१ | वित्तिय समानिकरण अनुदान | ८३४१०००।०० | ८४२८०००।०० | १०,०००,०००।०० | |
| ४.२.२ | सशर्त अनुदान | ० | ९५०००००।०० | १०,०००,०००।०० | |
| ४.२.३ | समपुरक अनुदान | ० | २०००००० ।०० | २,५००,०००।०० | |
| ४.२.४ | विशेष अनुदान | २८०४४२३।६६ | ३०००००० ।०० | ४,०००,०००।०० | |
| | जम्मा | ५७९०३१५८२।४२ | ७५८५५७७३१।१० | ७९९५०००००।०० | |

प्रस्ताव नं. १५ माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं. २ को सखुवाको आधारभूत स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगी नभएकोले हाललाई डोर हाजिरीमा दैनिक ज्यालादारीमा कार्यालय सहयोगी खटाउने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिति २०८१।१२।०८

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकामा देहाय अनुसारको समपुरक योजना तथा बिशेष अनुदान सम्वन्धीको योजना प्रदेशसँग माग गर्ने निर्णय गरियो ।

क. आगामी आ.व. २०८१/०८२ को लागी समपुरक अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने योजना

| क.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | नहर देखि ईन्द्रपुर जाने सडक ढलान कार्य | हरिपुर नगरपालिका-८, सर्लाही | २०,००,०००।०० |

ख. आगामी आ.व. २०८१/०८२ को लागी विशेष अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने योजना

| क.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | डिप बोरिंग कार्य | हरिपुर नगरपालिका-५, सर्लाही | ३०,००,०००।०० |